**शैलुङ गाउँपालिका दोलखा**
**प्रदेश नं.३ को**
**प्रथम गाउँसभामा**
**प्रस्तुत कार्यक्रम, योजना तथा बजेट**
**वक्तव्य**
**२०७४**

**मितिः२०७४/०३/२५**

**शैलुङ गाउँपालिकाको प्रथम गाउँसभाका अध्यक्ष ज्यु,**
**प्रमुख अतिथि ज्यु,विशेष अतिथि ज्युहरु,**
**अतिथि ज्युहरु, सभाका सदस्य ज्युहरु**
**तथा सम्पूर्ण महानुभावहरु ! ! !**

यस शैलुङ गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँसभालाई सफल र व्यवस्थित बनाउन हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएकोमा हार्दिक धन्यबाद सहित स्वागत गर्दछु । नेपालको राजनितिक, आर्थिक, समाजिक तथा विभिन्न आन्दोलनहरुमा अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यन्वयन हुने क्रममा निर्वाचित जनप्रतिनिधीहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा शैलुङ गाउँपालिका दोलखालाई संघियताको मर्म अनुसार विकास प्रकृयालाई व्यवस्थित रुपमा संचालन गर्न नेपालनको संविधान,**संघिया मामिला तथा स्थानीय विकास मन्त्रालयले** जारी गरेका विभिन्न कार्य आदेशहरु,स्थानीय तहको योजना तथा बजेट तर्जुमा **दिग्दर्शन २०७४,** नेपाल सरकारको विकास सम्बन्धी लक्षहरू,नेपाल सरकारले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय विकास सम्बन्धी नीतिहरू र मान्यताहरु, वस्ती तथा वडा तहबाट सिफारिस भई आएका योजनाहरु, विभिन्न समितिहरु र गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको नीति,कार्यक्रम एवं बजेट यस सम्मानित सभामा प्रस्तुत गर्न गईरहेको छु । साथै यस अवसरमा सम्पूर्ण शैलुङ गाउँपालिका बासी आदरणीय जनसमुदायहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**आदरणीय उपस्थित महानुभावहरु !**

शैलुङ गाउँपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रुपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण शैलुङ, उत्तर गयाको रुपामा प्रख्यात **चर्नावती त्रिवेणी धाम, आलु, दुधपोखरीको ढुङ्गा/स्लेट, जडीबुटी, वन पैदावर, कृषि, पशुपालन, नगदेबाली** लगायत थुप्रै सम्भावनाका क्षेत्रहरु छन् । यी क्षेत्रहरुको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत सम्पूर्ण क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरुबाट भएको सहयोग, विकास साझेदारहरुको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत शैलुङ बासीको विकास प्रति रहेको चासो शैलुङको समग्र विकासको लागि अवसरका रुपमा रहेका छन् ।

उल्लेखित सम्भावना तथा अवसरहरुका बावजुत हाम्रा सामु थुप्रै चुनौतीहरु रहेका छन् । गाउँपालिकाका सबै वडाहरुमा सडकको ट्र्याक जोडिएतापनि सर्वयाम यातायात सेवा उपलब्ध गराउन सकिएको छैन । सबै वडाहरुमा शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई तथा विजुलीको सहज व्यवस्थापन मिलाउन सकिएको छैन । विविध प्रकारका विभेदहरु कायमै छन् । मानव विकास सुचाङ्क सन्तोषजनक देखिदैन । प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ । कृषि, वन, वातावरण तथा अन्य पूर्वधार र शसक्तीकरणका कार्यक्रमहरुमा वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातिय भेदभाव, छुवाछुत , महिला हिंसाका घट्नाहरुबाट पार पाउन सकिएको छैन । शान्ति सुरक्षाको अवस्था कमजोर रहेको छ । दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । सवै वडाहरु कमजोर अवस्थामा रहेका छन् । २० वर्ष जनताले आफ्ना प्रतिनिधीहरू नपाउनु , गाउँपालिकाको आन्तरिक स्रोत अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्षित समुदाय सम्म पुऱ्याउन नसक्नु , भुकम्पले क्षति ग्रस्त संरचनाहरूको आशातित पुन/नव निर्माण नहुनु थप चुनौतीहरुका रुपमा रहेका छन् । गाउँपालिका र वडाहरुले शून्य अवस्थाबाट काम सुरु गर्नु पर्दा धेरै कठिनाइहरु व्यहोर्नु परिरहेको छ । उल्लेखित

चुनौतीहरुको बावजुत सबै सरोकरवाला निकायहरुको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदाय सम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

नव गठित शैलुङ गाउँपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरुलाई सम्पत्तीको रुपमा ग्रहन गर्दै यसैको जगमा टेकेर सबृद्ध शैलुङ गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अव म शैलुङ गाउँपालिकालको आगामी वर्षको वार्षिक योजना तथा बजेटका मुख्य मूख्य क्षेत्रका निति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१) कृषि तथा पशुपालन सम्बन्धी नीति :**

- कृषि समुह तथा कृषि सहकारी मार्फत कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिबृद्धिमा जोड दिइने छ ।

- स्थानीय सम्भाव्यता, तुलानात्मक लाभ तथा विशेष अवसरहरुको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरुको सीप, यन्त्रिकरण र उपयुक्त कृषि प्रविधि मार्फत कृषि क्षेत्रको व्यवसायीकरण र विविधीकरण, नमुना कार्यक्रम कार्यन्वयन गरी कृषि क्षेत्रमा रोजगारी सृजना गरिनेछ ।

- कृषि विकाससंग सम्बन्धित विभिन्न सरकारी अर्ध-सरकारी तथा गैरसरकारी संघ-संस्था, विकासका अन्य साझेदारीहरु तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक नीजी साझेदारी अवधारणा अनुरुप एकीकृत कृषि कार्यक्रमहरु संचालन गरिनेछ ।

- सडक र बजारको पहुँच भएका क्षेत्रहरुमा बढी मुल्य भएका कृषिजन्य बस्तुहरुको उत्पादनमा जोड दिंदै सहज यातायात पहुँच नभएका क्षेत्रका लागि कम तौल तथा बढी मुल्य हुने कृषिजन्य बस्तुहरुको उत्पादनमा जोड दिइनेछ ।

- सम्भाव्यताका आधारमा बाली विशेषका पकेट क्षेत्रहरु निर्धारण गरी सोही अनुसार खाद्यान्न, तरकारी, दुध, फलफूल, नगदेवाली, च्याउ, माछापालन, मौरीपालन आदि कार्यक्रमहरुलाई व्यवसायीकरण गर्न ; कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फर्महरुलाई प्रोत्साहन तथा सामाग्रीमा अनुदान दिइनेछ ।

- शैलुङ क्षेत्रको आलुलाई भण्डारण गरी बढी लाभ लिन कोल्ड स्टोर निर्माण तथा आलु जन्य उद्योगहरू स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

- गाउँपालिका, विषयगत कार्यालयहरु, परियोजना लगायत कृषि क्षेत्रमा काम गर्ने संघ-संस्था एवं अन्य निकायहरुको समन्वय र सहकार्यमा केही वडाका केही क्षेत्र पहिचान गरी अर्गानिक खेतीगर्न प्रोत्साहन गरिनेछ । शैलुङ गाउँपालिकालाई अर्गानिक खेती उन्मुख पालिकाको रुपमा विकास गरिनेछ ।

- तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभको आधारमा कृषि वस्तुहरुको उत्पादन गरी उत्पादन क्षेत्रको विशिष्टीकरण गर्न **एक क्षेत्र एक उत्पादन**को अवधारण कार्यान्वयमा सहयोग पुऱ्याउइनेछ ।

- पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार, पशुआहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत शैलुङ गाउँपालिकालाई पशुपालन क्षेत्रको रुपमा विकास गरी मासु तथा दुधको लागि आत्मनिर्भता तर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ ।

**२) वन, वातावरण तथा भूसंरक्षण सम्बन्धी नीति**

- पुन नविकरणीयवन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिबृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले गाउँपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइनेछ । सुकेका पात तथा झिक्राहरुलाई प्रयोग गरी **बायोमास ग्याँस्सिफिकेसन प्रविधिबाट विद्युत** उत्पादन गर्ने कार्यलाई प्रथामिकतामा राखिनेछ ।

- वनलाई आर्थिक तथा वातावरण मैत्री बनाउन बैज्ञानिक वन व्यवस्थापन योजना निर्माण गर्न तथा वनजन्य उद्योगहरू स्थापनालाई नीतिगत रूपमा खुकुलो बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ ।

- गाउँपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपन गरिनेछ र निजी वन लगाउन प्रोत्साहन गरिनेछ ।

- संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन, वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र **(Biodiversity hot Spot)** को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजान सरोकारवालहरूको ध्यानाकर्षण गराइने छ । **रेड प्लस कार्वन सञ्चित** बाट यो गाउँपालिकाले अनुदान प्राप्त गर्ने सम्भावना भएकाले वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी ५वर्ष भित्र गाउँपालिकालाई घरभित्रको धुवाँ रहितक्षेत्रको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा तिव्रता दिईनेछ ।

- कवुलियती वन तथा पशुविकास कार्यक्रम अन्तर्गत जग्गा विहिन, अति गरिव, महिला घरमूली भएका दलित तथा जनजातीलाई प्राथमिकता दिई समुह गठन गर्ने, वन हस्तान्तरण गर्ने र आयमुलक कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

- प्राकृतिक प्रकोप न्युनीकरण गर्न र प्राकृतिक प्रकोपबाट पिडितहरूलाई व्यवस्थापन गर्नका लागि शैलुङ गाउँपालिका **प्रकोप व्यवस्थापन कोष**को स्थापना गरिने छ । गाउँपालिका कार्यक्षेत्र भएका सबै गैर सरकारी संस्थाहरूको तर्फबाट कारोबारको आधारमा कम्तीमा ०.१ प्रतिशत सहभागीता सुनिश्चित गरिनेछ र गाउँपालिकाले कम्तिमा **५ लाख** जम्मा गर्नेछ । उक्त कोषमा रहेको रकम प्रकोप व्यवस्थापन विशेष कोष विनियमावली तयार गरी सोही अनुसार खर्च गरिने छ ।

- भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्ट्रिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।

- पानीका मुहान संरक्षणका साथै पानीका स्रोतको सञ्चिती बढाउन पहल गरिने छ ।

**३) शिक्षा तथा खेलकुद सम्बन्धी नीति :**

- शैलुङ गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिकोका लागि गाउँपालिका शिक्षा योजना निर्माण गरी कार्यन्वयन गरिनेछ । **वडा शिक्षा समिति** र **विद्यालय व्यवस्थापन समिति**को प्रभावकारीतालाई बढाई **गाउँ शिक्षा** योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- विद्यालय तहको अन्तिम परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, सबै भन्दा राम्रो विद्यालय, सबै भन्दा उच्च दरमा विद्यार्थीहरु उतीर्ण गराउन सफल विषयगत शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

- सामुदायिक अध्ययन केन्द्र तथा बालविकास केन्द्रहरुलाई सक्षम, प्रभावकारी र कार्यमूलक बनाइनेछ ।

- साक्षर नेपालीक अभियानलाई पुरा गर्नका लागि साक्षर गाँउपालिकाका रुपमा स्थापित गर्न प्रयास गरिनेछ ।

- आधुनिक शिक्षाको अभिवृद्धी गर्दै सरोकारवाला निकायहरु संगको समन्वय र सहकार्यमा विद्यालय स्तरमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।

- बालमैत्री शिक्षण आदर्श विद्यालयका रुपमा प्राविधिक शिक्षाका कार्यत्रमहरु संचालन गर्न प्रोत्साहन गरिने छ ।

- गाउँपालिकाको विभिन्न स्थानहरुमा निर्माण गरिएका **(५०×१००) मी**. भन्दा माथिका खेल मैदानहरुलाई स्तरोन्नती गर्दै राष्ट्रिय मापदण्ड अनुसारका खेल मैदानहरू निर्माण गरिनेछ ।

**४) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति :**

- स्वास्थ्य चौकीको प्रसुती सेवा क्षमता अभिवृद्धि गरी स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गराई गुणस्तरीय र सर्वसुलभ स्वास्थ सेवाको विस्तार गरिनेछ ।

- आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति, जडिबुटी तथा वन औषधीको सम्भावना रहेको शैलुङ गाउँपालिकामा जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

- व्यक्तिको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न सबै खानेपानीका मुहानहरुलाई स्वतः गाउँपालिकाको स्वामित्वमा ल्याई पानीको मुहान र धाराको संरक्षण गरी **एकघर एक खानेपानीको धारा** निर्माण गर्ने नीति लिइने छ ।

- पानी उपयोगको वैज्ञानिक मान्यताका आधारमा पानी उपयोगलाई प्राथामिकिकरण गरी पहिलो खानेपानी, दोस्रो सिंचाई तेस्रो मनोरञ्जन र चौथौ औद्योगीकरणका लागि प्रयोग गरिनेछ ।

- स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मतसम्भार कोषमा राखी प्रत्येक उपभोक्ताले न्युनतम रकम मासिक रुपमा जम्मा गर्नु पर्ने नीति लिदैं खानेपानी आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।

- विगतमा निर्माण भई सञ्चालनमा रहेका खानेपानी आयोजनाहरु उपभोक्ताहरुको सहभागितामा दिगोरुपमा सञ्चालन गर्नुपर्ने नीति लिइनेछ ।

- एक घर एक शौचलयको अवधारणालाई कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गरिनेछ ।

- शैलुङ गाउँपालिकालाई स्वच्छ गाउँपालिकाको रुपमा स्थापित गर्न जसले फोहोर गरेको हो, उसैले सफाई गर्नुपर्ने नीति अनुसार सार्वजनिक स्थानमा फोहोर गरेमा दण्ड जरीवाना गर्ने र प्लाष्टिक विहिन गाउँपालिका निर्माण गर्ने दिशामा अघि बढाइने छ ।

- कुहिने फोहोरलाई प्रयोग गरी गमला तरकारी खेतीगर्ने अभियानलाई प्रोत्साहन गरिने छ । हरियाली वगैंचा निर्माण गर्नेलाई पुरस्कृत गर्ने नीति लिइने छ ।

- शैलुङ गाउँपालिकालाई पुनःनिर्माणको क्रमसंगै खुला दिशामुक्त क्षेत्र घोषणा गरिनेछ ।स्वच्छता र सरसफाइलाई व्यक्ति र समुदायको पहिचानको बिषय बनाइनेछ ।

**५)महिला तथा बालबालिका सम्बन्धी नीति :**

- विकास आयोजनाहरुको निर्णय प्रकृया र कार्यन्वयनमा महिला सुनिश्चितता कायम गर्दे लैगिंक सशक्तिकरण तथा सामाजिक समावेसीकरण नीति अनुरुप महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- लैगिंक हिंसा र मानव वेचविखन जस्ता सामाजिक अपराध जन्य कार्यलाई नियन्त्रण र निरुत्साहित गर्ने नीति लिइनेछ ।

- बालमैत्री पूर्वधारहरुको विकास गर्दै नेपाल सरकारले ल्याएको बाल मैत्री स्थानीय शासनको अवधारणा अनुरुप स्थानीय तह तथा सरोकारवालाहरुको समन्ययमा बालश्रम मुक्त शैलुङ गाउँपालिका बनाउने नीति लिइनेछ

- बालबालिकाहरुको पोषण, हेरचाह बालश्रम न्युनीकरण तथा असाहय बालबालकिको संरक्षण गर्ने नीति लिइनेछ ।

**६) आदीबासी जनजाती,दलित,अपाङ्गता, जेष्ठ नागरिक सम्बन्धी नीति :**

- शैलुङ गाउँपालिका केन्द्रमा सबै जात जातिहरुमा पहिचान झल्कने गरी **संग्रहलय** स्थापना गर्ने प्रकृया अघि बढाइनेछ ।

- जातीय आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरुलाई न्युनीकरण गर्दै विभेद मुक्त शैलुङ गाउँपालिका निर्माण गर्ने नीति लिइने छ ।

- आदीबासी जनजाती, दलित र अपाङ्गता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षीत वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- अपाङ्ता भएका व्यक्तिहरुका लागि सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरुको सहयोगमा समुदायमा आधारित पुनस्थापना गृह निर्माण कार्य अगाडि बढाइनेछ ।

- शैलुङ गाउँपालिकाको **चर्नावतीमा निर्माणाधिन**, जेष्ठ नागरिकहरुका लागि **वृद्धआश्रम**लाई प्रवर्धन गर्ने नीति लिइनेछ । साथै गाउँपालिका केन्द्रमा **बृद्धवृद्धा आरोग्य केन्द्र** स्थापना गर्ने नीति लिइने छ ।

**७) सामाजिक विकास सम्बन्धी नीति :**

- सामाजिक रुपान्तरण मार्फत गरिबी न्युनीकरणलाई सहयोग पुऱ्याउन आर्थिक तथा समाजिक रुपमा पछाडि पारिएका वर्ग तथा समुदायको आवाज अभिबृद्धि गर्न र सेवा प्रवाहमा उनीहरुका पहुँच अभिबृद्धि गर्नका लागि संचालित सामाजिक परिचालन कार्यक्रमहरुलाई अझ शसक्त र प्रभावकारी बनाउन आश्यकता अनुसार  वडा,वस्ती स्तरमा नागरिक मञ्चहरु  गठन गर्दै लगिने नीति लिइनेछ ।

- शैलुङ गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरुको लगानीलाई एकद्वार प्रणालीका आधारमा कार्यन्वयन गर्न प्रोत्साहित गरिनेछ । उक्त संस्थाहरुको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धिका लागि गाउँपालिकाले विशेष संयन्त्र बनाउने निति लिइनेछ ।

- गैर सरकारी संस्थाहरुबाट सञ्चालित क्रियाकलापहरुको चौमासिक समिक्षा गर्ने, नियमित अनुगमन गरी गैर सरकारी संस्थाहरू समेतको साझेदारीमा चौमासिक बुलेटिन प्रकाशन गरिनेछ ।

**८) विद्युत/उर्जा सम्बन्धी नीति :**

- ग्रामीण तथा सामुदायिक विद्युतीकरणको विकास र विस्तारमा विशेष जोड दिंदै समुदायमा आधारित विद्युत उत्पादन प्रणाली , नविकरणीय तथा बैकल्पिक उर्जा उत्पादन र प्रवर्द्धनलाई जोड दिइनेछ ।

- गाउँपालिकाको आर्थिक उन्नती र उर्जा संकटलाई न्युनीकरण गर्न गाउँपालिकाको मातहतमा रहने गरी उर्जा उत्पादनका लागि निजी सार्वजनिक साझेदारीमा लगानीलाई प्रथामिकता दिने निति लिइनेछ ।सबै प्रकारका विद्युत आयोजनाहरुमा जनताको लगानी अभिबृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

**९) पर्यटन विकास सम्बन्धी नीति :**

- पवित्र स्थल शैलुङ क्षेत्रलाई गाउँपालिकाले पर्यटकीय क्षेत्र घोषणा गर्दै राष्ट्रिय स्तरको पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गर्ने नीति लिइनेछ ।

- प्रथम **बुद्ध साङगो माहर्मोचे**ले ज्ञान दिइएको र **शाक्यमुनी गौतम बुद्धले तपस्या** गरेको शैलुङ क्षेत्रको काखमा बुद्धको विश्वकै **अग्लो मध्येको एक मुर्ती** स्थापना सहित एकिकृत शैलुङ विकासका लागि दाताहरुको खोजी गर्ने निति लिइने छ ।

- शैलुङ गाउँपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक,धार्मिक, सम्पदाहरुको अध्ययन अनुसान्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइने छ ।

- पर्यटकीय स्थल मार्ग र वरीपरीको क्षेत्रमा **होम स्टे/पाहुना घर** निर्माण गर्ने र पर्यटक मैत्री गाउँपालिका बनाउन पहल गरिने छ ।

- पर्यटकीय क्षेत्रहरुमा होटल, लज, रिसोर्ट खोल्न नीजी-सार्वजनिक साझेदारीमा पर्यटकीय स्थलहरुको प्राकृतिक सौदर्न्यतामा खलल पुऱ्याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीति लिइनेछ ।

- पवित्र **चर्नावती, त्रिवेणी धाम/उत्तर गया** क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने निति लिइनेछ ।

**१०) सुशासन सम्बन्धी नीति :**

- सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेयिहता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशानसनको अनुभूती दिलाउन गाउँपालिका तथा वडाहरुबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरु तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, आयोजना स्थलमै भुक्तानी परिक्षण सामाजिक परिक्षणलाई निरन्तरता दिदै कामका आधारमा रकम भुक्तानी गरिने निति लिइनेछ ।

- राज्यको चौथो अंग पत्रकारिता मार्फत अनुगमन, सार्वजनिकिकरण तथा पारदर्शिता कायम गर्ने नीति लिइनेछ ।

**११) भौतिक पूर्वधार सम्बन्धी नीति :**

- शैलुङ गाउँपालिकाको **मेरुदण्ड मुडे-मेलुङ सडक** लाई आगामी ५ वर्ष भित्र कालोपत्रे बनाउने, सबै वडा केन्द्र जोड्ने सडकलाई सर्वयाम बनाउने र अन्य पर्यटकीय तथा लिङ्क रोडलाई निर्माण गर्न प्रथामिकता निर्धारण गर्ने निति लिइनेछ । जस अनुसार :
    १. मुडे-मेलुङ सडक :जम्मा सडक चौडा २० मिटर **(सडकको बीचभाग बाट १० मिटर दायाँबायाँ)** दुवैपट्टि ६/६ मिटर सडक क्षेत्र छोड्नुपर्ने ।
    २. सबै वडा केन्द्र जोड्ने र बस्ती स्तरीय सडकहरू : जम्मा सडक चौडाई १५ मिटर **(सडकको बीचभाग बाट ७.५ मिटर दायाँबायाँ)** र दुवैपट्टि ३/३ मिटर सडक क्षेत्र छोड्नुपर्ने ।

- सबै प्रकारका सडकहरुको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरुको क्षेत्र निर्धारण गरि भौति निर्माण गर्ने नीति लिइनेछ ।

- शैलुङ गाउँपालिका भित्र निर्माण गरिने सबै प्रकारका भौतिक संरचना निर्माण गर्दा नक्सा पास गर्नु पर्ने, प्रत्येक संरचना तथा निजी घर सम्म कम्तिमा १३ फिटको बाटो हुनुपर्ने, नामसारी भएर आएका बाहेक कम्तीमा १५० वर्ग मिटर भन्दा कम क्षेत्रफलका जमिनकित्ताकाट नहुने निति लिइने छ ।

**१२)** संविधान अनुसार स्थानीय तहले उठाउन पाउने **कर, शुल्क दस्तुर** काडाइका साथ उठाउँदै शैलुङ गाउँपालिकाको आन्तरिक आम्दानी बढाउदै लैजाने निति लागु गरिनेछ ।

**१३)** सरकारी, सहकारी र नीजी लगानी बाट स**मृद्ध शैलुङ गाउँपालिका निर्माण** गर्ने नितिलाई कार्यन्वयन गर्दै लगानी मैत्री शैलुङ गाउँपालिका बनाउन पहल गरिनेछ ।

**१४)** नयाँ ट्र्याक खोलुनपर्ने तथा गाउँपालिकाले लगानी र फरफारक गर्नु पर्ने सबै सडक मार्गहरु, **कम्तिमा ६ मिटर चौडाइको** हुनु पर्ने निति लिइनेछ ।

**१५)** शैलुङ गाउँपालिका **केन्द्र साविक काटाकुटी गा.वि.स.को वडा नं. ८ फोक्टे**मा तोकिनेछ साथै उक्त केन्द्र वरिपरि निर्माण हुने **सानो शहरको डिजाइन** गरी **सुन्दरशहर** निर्माण गर्ने नीति लिइनेछ । गाउँपालिका र ८ ओटै वडाहरूको आफ्नै कार्यालय भवन बनाउन पहल गरिनेछ ।

**१६)** "**आफ्नो गाउँ सुन्दर र समृद्ध बनाउ**" भन्ने नीतिका आधारमा सबै वडाहरुले विकास निर्माण कार्यलाई अगाडि बढाउने नीति लिइने छ ।

**१७)** आयोजनाहरु पहिलो चौमासिक भित्र सम्झौता गरी निर्माण प्रकृया थालनी नगरेमा **१ % हर्जना,** दोस्रो चौमासिक भित्र निर्माण प्रक्रिया थालेको जानकारी नगराएमा खरेजीर तेस्रो चौमासिक वा चैत्र महिना भित्र अन्तिम भुक्तानी नलिएमा अन्य राम्रो काम गर्ने महत्वपूर्ण आयोजनाहरुमा स्वतः रकम थप्ने/रकमान्तर, घाटा बजेटमा समयोजन गर्ने नीति अनिवार्य रुपमा कार्यन्वयन गरिनेछ ।

**१८)** यो वर्ष शैलुङ गाउँपालिकाका विद्यालयहरु गाभ्ने र **दरबन्दी मिलान** गर्ने नीति लिइनेछ ।

**१९)** शैलुङ गाउँपलिकिामा उत्पादन हुने आलुलाई शैलुङको पहिचान हुने गरी **लेवलिङ-प्याकेजिङ** गरी निकासी गर्ने, **चिस्यान केन्द्र** स्थापना गर्ने, विउको रुपमा निकासी गर्ने, **आलुका परिकारहरू बनाउने** उद्योगहरु स्थापना गर्ने नीति लिइनेछ ।

**२०)** शैलुङ गाउँपालिका सिमा भित्रबाट निकासी हुने ढुङ्गा गिट्टी, बालुवा, आलु, काठ, व्यक्तिगत फर्म तथा सबै प्रकारका संघ-संस्था, होटल, उद्योग, व्यवसाय, घर,पसल, घरभाडा सिफारिस आदीलाई शुल्क/करको दायरा भित्र ल्याउने नीति लिइनेछ।

**२१)** राष्ट्रसेवक कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा राम्रो काम गर्नेलाई **पुरस्कृत गर्ने** तथा जिम्मेवारी पुरा नगरी आलटाल गर्नेलाई सचेत गर्ने, स्पष्टीकरण सोध्ने र सुधार नभएमा दण्डित गर्ने निति लिइनेछ।

**२२)** सेवा प्रवाह गर्न सजिलो,औद्योगीकरणका लागि अनुकूल तथा भुकम्पपिडित परिवारलाई स्थापित गर्नका लागि विभिन्न संघ-संस्था संग मिलेर/साझेदारीमाम एकिकृत नमुना बस्ती निर्माण गर्ने निति लिइनेछ।

**२३)** सबै प्रकारका आर्थिक कारोबार गर्दा (**दश हजार भन्दा बढी**) अनिवार्य रूपमा अध्यक्षबाट तोक आदेश लिनुपर्ने निति लिइनेछ।

**२४)** गाउँपालिकाले कार्यन्वयन गर्ने सबै प्रकारका आयोजनाहरूमा जनताको हितलाई मुख्य प्राथमिकतामा राख्ने निति लिइनेछ।

मिति : २०७४ असार २५

## गाउँपालिका स्तरीय आयोजनाहरू

| क्र.सं. | आयोजनाको नाम | | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका केन्द्र- शैलुङ पर्यटकीय सडक | रु. | ९९,००,००० | शैलुङ गाउँपालिका |
| २ | शैलुङ गाउँपालिका तथा अन्य कार्यालय घडेरी निर्माण | रु. | २०,००,००० | शैलुङ गाउँपालिका |
| ३ | शैलुङ अस्पताल घडेरी निर्माण, शैलुङ -३ | रु. | १०,००,००० | शैलुङ गाउँपालिका |
| ४ | शैलुङ रङ्गशाला निर्माण, शैलुङ -३ | रु. | १०,००,००० | शैलुङ गाउँपालिका |
| ५ | आवधिक योजना निर्माण | रु. | २०,००,००० | शैलुङ गाउँपालिका |
| ६ | श्री उग्रेनटसी छ्योइलिङ बौद्ध गुम्बा,शैलुङ -६ | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| ७ | श्री चर्नावती वृद्धाआश्रम (**जेष्ठ नागरिक**) ,शैलुङ -७ | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| ८ | शैलुङ अध्ययन पुस्तिका तथा ब्रोसर प्रकाशन | रु. | ३,००,००० | शैलुङ गाउँपालिका |
| ९ | साझेदारी कार्यक्रम | रु. | ५०,००,००० | शैलुङ गाउँपालिका |
| १० | सामाजिक समावेशी तथा लक्षित वर्ग (**महिला,दलित, जनजाती बालबालिका, जनजाति ,अपाङ्ग)** | रु. | २०,००,००० | शैलुङ गाउँपालिका |
| ११ | विपद व्यवस्थापन कोष | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| १२ | फोहोर मैला व्यवस्थापन,शैलुङ -३ | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| १३ | दलित वर्ग उत्थान आयआर्जन कार्यक्रम | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| १४ | कालापानी शैलुङ सिडी निर्माण,शैलुङ -८ | रु. | १५,००,००० | शैलुङ गाउँपालिका |
| १५ | शैलुङ क्याम्पस (विद्यार्थी छात्रवृद्धि तथा गुणस्तरीय शिक्षा),शैलुङ -४ | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| १६ | दुर्गा मा.वि. **प्रविधिक शिक्षालय** स्थापना, शैलुङ -४ | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| १७ | विभेद मुक्त वस्ती जागरण | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| १८ | विज्ञ र परामर्श दाता खर्च | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| १९ | विभिन्न पुरस्कार,सम्मान तथा प्रोत्साहन | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| २० | गाउँपालिका केन्द्र साना शहर डिजाइन | रु. | १५,००,००० | शैलुङ गाउँपालिका |
| २१ | विर्ता भकोर सडक, शैलुङ -४ | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |

| | | | | |
|---|---|---|---|---|
| २२ | साना किसान कृषि सहकारी, शैलुङ -४ | रु. | ५,००,००० | शैलुङ गाउँपालिका |
| २३ | भुमेथान प्रतिक्षालय निर्माण शैलुङ -३ | रु. | ३,००,००० | शैलुङ गाउँपालिका |
| २४ | **विशेष योगदान कोष** | रु. | ५०,००० | शैलुङ गाउँपालिका |
| २५ | शैलुङ गाउँपालिको **Website,Apps,documentary** लगायत प्रविधि निर्माण | रू. | ५,००,००० | शैलुङ गाउँपालिका |
| २६ | शिव मन्दिर पुर्ननिर्माण,होम गर्ने डाँडा,शैलुङ-७ | रू. | ५,००,००० | शैलुङ गाउँपालिका |
| २७ | गोल्मा राजा-गोल्मा रानी मन्दिर पुर्ननिर्माण आयोजना, शैलुङ -५ | रू. | ५,००,००० | शैलुङ गाउँपालिका |
| २८ | तीलुखोला-भित्तारे-योन्जनटोल-भदौरे डाँडा खा.पा.आ.शैलुङ-८ | रू. | ५,००,००० | शैलुङ गाउँपालिका |
| २९ | नूनथाला -लाङथाबा-गा.वि.स.भवन सडक-शैलुङ-२ | | ५,००,००० | शैलुङ गाउँपालिका |
| **जम्मा** | | रू. | ३,४५,००,००० | |

| नमुना उत्पादन कृषि कार्यक्रम | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **आयोजनाको नाम** | **रकम** | | **कैफियत** |
| १ | ठेलावगर अलैची,कफी तथा कागती खेती-१ किबि/चिया/लोठ सल्ला, शैलुङ -१ | रु. | १५,००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| २ | किबी/सुन्तला/कागती/जुनार खेती शैलुङ -६ | रु. | १०,००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| ३ | शैलुङ कृषि उद्यम प्रा.लि.कृषि उत्पादन योजना, शैलुङ-२ | रु. | ५,००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| ४ | बहुउदेश्यीय कृषि फर्म संचालन, शैलुङ-५ | रु. | १०,००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| ५ | माछा पालन उत्पादन योजना-शैलुङ ८ | रु. | ५,००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| ६ | भुषाफेदा पशुपालन तथा कृषि कार्यक्रम,शैलुङ-२ | रु. | ५,००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| ७ | कृषि तथा माछा पालन योजना शैलुङ-३ | रु. | १०,००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| ८ | माछा पालन उत्पादन आयोजना, शैलुङ -४ | रु. | ५००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| ९ | अलैची खेती,शैलुङ -४ | रु. | ५,००,००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| १० | किवि खेती,शैलुङ-७ | रु. | ५००००० | गाउँ कार्य पालिकाका सम्बन्धित सदस्य |
| | **जम्मा** | | **७५,००,०००** | |

## विशेस आयोजनाहरू

| | | | | |
|---|---|---|---|---|
| १ | शारादा मा.वि.इ-लाइब्रेरी , शैलुङ-८ | रु. | ५,००,००० | सम्बन्धित वडा |
| २ | वडा मार्फत गरिने | | ४०,००,००० | |
| | **जम्मा** | रु. | ४५,००,००० | |

## विभिन्न संघ-संस्थाहरूको कार्यक्रम

| | | |
|---|---|---|
| १ | **ग्रामीण विकास टुकीसंघ**को कार्यक्रम (आम्दानी) | रू.७४,३२,५२५ |
| २ | **ग्रामीण विकास टुकीसंघ**को कार्यक्रम -खर्च विभिन्न शीर्षकका योजनाहरूमा गरिनेछ । | रू.७४,३२,५२५ |

| | | |
|---|---|---|
| १ | **कारीतास नेपाल आम्दानी तर्फ,शैलुङ वडा नं.६ र ७** | रू.३,७४,८५,००० |
| २ | **कारीतास नेपाल विभिन्न योजनामा  खर्च , शैलुङ वडा नं.६ र ७** | रू.३,७४,८५,००० |

| | | |
|---|---|---|
| **१** | नेपाल ग्रामीण पुननिर्माण संस्था (आर.आर.एन.) आम्दानी तर्फ | रू २,९८,५३,१८४ |
| **२** | नेपाल ग्रामीण पुननिर्माण संस्था (आर.आर.एन.) विभिन्न शीर्षकका योजनाहरूमा | रू २,९८,५३,१८४ |

## वडा स्तरीय आयोजनाहरू

| क्र.सं. | आयोजनाको नाम | रु. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | डाँसे कल्लाबारी-कोलामखान सडक, **शैलुङ-१** | **रु.** | १४,००,००० | वडा स्तरीय आयोजना |
| २ | कोलामखान-सरसत्पा गैरी-ताम्चेत-सासिम ग्रामीण सडक, शैलुङ-१ | **रु.** | १५,००,००० | वडा स्तरीय आयोजना |
| ३ | बाघखोर-ग्योई-कोलामखान कृषि सडक, शैलुङ-१ | **रु.** | ७,००,००० | वडा स्तरीय आयोजना |
| ४ | जम्बुसिङ सडक, शैलुङ-१ | **रु.** | ५,००,००० | वडा स्तरीय आयोजना |
| ५ | सल्लेरी ठेलाबगर सडक, शैलुङ-१ | **रु.** | ४,००,००० | वडा स्तरीय आयोजना |
| ६ | नोर्बुडाँडा गणेश मन्दिर सडक शैलुङ-१ | **रु.** | ४,००,००० | वडा स्तरीय आयोजना |
| ८ | स्वास्थ्य चौकी जग्गा खरिद तथा प्रसुती केन्द्र व्यवस्थापन, शैलुङ-२ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ९ | मागा देउराली चण्डी डाँडा सडक , शैलुङ-२ | रु. | ५,००,००० | वडा स्तरीय आयोजना |
| १० | चण्डी डाँडा माने खोला सि.पा.जोड्ने सडक , शैलुङ-२ | रु. | ५,००,००० | वडा स्तरीय आयोजना |
| ११ | चौतारी डाँडा पुरानोगाँउ वडा कार्यालय(भुसाफेदा) सडक , शैलुङ-२ | रु. | ५,००,००० | वडा स्तरीय आयोजना |
| १२ | निगाले बाघखोर टाँडी जम्बुसिङ सडक , शैलुङ-२ | रु | १८,००,००० | वडा स्तरीय आयोजना |
| १३ | घट्टेखोला झुलुङ्गे पुल मर्मत , शैलुङ-२ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| १४ | नारायण ध्वज स्मृति कप , शैलुङ-२ | रु. | १,५०,००० | वडा स्तरीय आयोजना |
| १५ | बाघखोर पोर्साब लाबाघाल वडा केन्द्र जोड्ने सडक, शैलुङ-२ | **रु.** | ९,५०,००० | वडा स्तरीय आयोजना |
| १६ | बोदले वालसाप्रा ढुङ्गे सडक , शैलुङ-३ | रु. | ४,००,००० | वडा स्तरीय आयोजना |
| १७ | बोत्ल-भुरूङ्गा-फस्कु सडक , शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |

| | | | | |
|---|---|---|---|---|
| १८ | बोत्ले गोचेत फस्कु सडक , शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| १९ | बोत्ले लामाघ्याङ ओखे सडक , शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| २० | मनमोहन आधारभूत विद्यालय नमुना कक्षा संचालन, शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| २१ | बाघखोर दुर्गा मा.वि. सडक , शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| २२ | लाम्चेआहाल चिसापानी सडक , शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| २३ | बाघखोर लप्सिङ डाँडा ढुङ्गे सडक , शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| २४ | द्द्ध घण्टे प्रसुती गृह संचालन तथा व्यवस्थापन,शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| २५ | फोक्टे-चिसापानी-नार्गा खा.पा. , शैलुङ-३ | रु. | ९,००,००० | वडा स्तरीय आयोजना |
| २६ | बजार व्यवस्थापन , शैलुङ-३ | रु. | ५,००,००० | वडा स्तरीय आयोजना |
| २७ | शैलुङ रङ्शशाला-फोक्ट- ओर्खे सडक | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| २८ | म्याचिङ फण्ड , शैलुङ-३ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| २९ | हिले पिपल डाँडा सडक ,शैलुङ-४ | रु. | ४,००,००० | वडा स्तरीय आयोजना |
| ३० | पूर्णगाउँ मुलाबारी सडक ,शैलुङ-४ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ३१ | मागापौवा मा.वि.घेराबार ,शैलुङ-४ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ३२ | गाउँपालिका केन्द्र-३ नं.वडा केन्द्र जोड्ने सडक ,शैलुङ-४ | रु. | १८,००,००० | वडा स्तरीय आयोजना |
| ३३ | स्वास्थ्य चौकी पूर्वाधार निर्माण ,शैलुङ-४ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ३४ | दुर्गा मा.वि. मानेडाँडा सडक ,शैलुङ-४ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ३५ | आहालेडाँडा टापु सडक,शैलुङ-४ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ३६ | जोगी डाँडा सेरा सडक ,शैलुङ-४ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ३८ | हिले दिंचेत सडक ,शैलुङ-४ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ३९ | कमला नि.मा.वि.फर्निचर ,शैलुङ-४ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ४० | पिपलडाँडा नि.मा.वि. (नमूना कक्षा संचालन) ,शैलुङ-४ | रु. | ३०,००,०० | वडा स्तरीय आयोजना |
| ४१ | बाघखोर विरेन्द्र मा.वि. गाइघाट सडक ,शैलुङ-५ | रु. | २०,००,००० | वडा स्तरीय आयोजना |
| ४२ | गाउँपालिका केन्द्र-छहरे-मानेडाँडा जितपुर सडक ,शैलुङ-५ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ४३ | सवलचोक-मुलधारा घ्याङडाँडा सडक ,शैलुङ-५ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ४४ | जितपुर पानी घट्ट डाँडामुनी सडक ,शैलुङ-५ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ४५ | अम्बा-कागती खेती प्रर्वद्धन कार्यक्रम ,शैलुङ-५ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ४६ | पानी -घट्ट भटासे-अर्घले सिंचाई ,शैलुङ-५ | रु. | ५,००,००० | वडा स्तरीय आयोजना |
| ४७ | छहरे खानेपानी ट्याङकी निर्माण ,शैलुङ-५ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ४८ | रङ्गशाला-ठाडोपाखा घ्याङडाँडा सडक ,शैलुङ-५ | रु. | ५,००,००० | वडा स्तरीय आयोजना |
| ४९ | महिला तथा दलित उत्थान कार्यक्रम ,शैलुङ-५ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ५० | हेल्पोष्ट हिले सडक मर्मत ,शैलुङ-६ | रु. | १०,००,००० | वडा स्तरीय आयोजना |
| ५१ | हिले ओखरबोट सडक ,शैलुङ-६ | रु. | ६,००,००० | वडा स्तरीय आयोजना |
| ५२ | हुलाके चिलाउने भित्ता सडक ,शैलुङ-६ | रु. | ६,००,००० | वडा स्तरीय आयोजना |
| ५३ | सुर्के गोठपानी सातमुल हिले सडक ,शैलुङ-६ | रु. | ६,००,००० | वडा स्तरीय आयोजना |
| ५४ | गोठपानी किट्नी सडक ,शैलुङ-६ | रु. | ४,००,००० | वडा स्तरीय आयोजना |
| ५५ | अधिकारी खोला ढुङ्गे सडक ,शैलुङ-६ | रु. | ४,००,००० | वडा स्तरीय आयोजना |
| ५६ | सिरेटार पानीघाट सडक ,शैलुङ-६ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ५७ | वडा नम्बर ६ खानीपानी ,शैलुङ-६ | रु. | ७,००,००० | वडा स्तरीय आयोजना |
| ५८ | वडा नम्बर ६ वडा घडेरी खार्ने (घडीको आहाल) ,शैलुङ-६ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ५९ | टुडीखेल फस्कु गोठपानी सडक ,शैलुङ-७ | रु. | २,००,०००० | वडा स्तरीय आयोजना |
| ६० | श्री बहादुर गौडा-अधिकारी टोल सडक ,शैलुङ-७ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ६१ | हेल्थपोष्ट- मानेडाँडा -पैती सडक ,शैलुङ-७ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ६२ | किचुले धारा -जुगेपानी -गोथोर-सडक ,शैलुङ-७ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ६३ | खड्का टोल-भोद दुवाली सडक ,शैलुङ-७ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ६४ | हेल्थपोष्ट मन्जेत गोलेको सिमा सडक ,शैलुङ-७ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ६५ | सातामुल खानेपानी मर्मत ,शैलुङ-७ | रु. | ५,००,००० | वडा स्तरीय आयोजना |
| ६६ | गोथोर खानेपानी ,शैलुङ-७ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |

| | | | | |
|---|---|---|---|---|
| ६७ | साविक फस्कु -४ भीरपरी-गोठपानी सडक | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ६८ | पाटीपौवा मर्मत ,शैलुङ-७ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ६९ | शैलुङ भैसे, भ्होरमन गाडँ, कालापानी-होमस्टे निर्माण ,शैलुङ-८ | रु. | ४,००,००० | वडा स्तरीय आयोजना |
| ७० | तरकारी संकलन केन्द्र भैसे/भ्होर ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७१ | भालुस्वारा-कुबिन्डे-नूनथला-दुधेचौतरा सडक ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७२ | भैसै-देविथान-भदौरे-फुस्रामाटा सडक ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७३ | शारदा मा.वि. प्रविधिक शिक्षा संचालन ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७४ | फलाम पोखरी देवि मन्दिर निर्माण ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७५ | दलित मरणघाट निर्माण ढाँडे ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७६ | गोलेसीम पैैती मेञ्जेत सडक ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७७ | सामुदायिक अध्ययन केन्द्र सुधार ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७८ | पैती-भैसे-दाङ-ओखलढुङ्गा सडक ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ७९ | ढुङ्गे-मनगाँउ-कागते-गैरा सडक ,शैलुङ-८ | | ३,००,००० | वडा स्तरीय आयोजना |
| ८० | पोखरे राँके सडक ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ८१ | थालेडाँडा-भदौरे फुस्रा माटा-भैसे सडक ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ८२ | लाकुरी गहिरो -पैती-खोलाबारी सढडक ,शैलुङ-८ | रु. | ४,००,००० | वडा स्तरीय आयोजना |
| ८३ | भैसे-मानेडाँडा-दाङ सडक ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| ८४ | भैैसे,पाँडेखानी -कालापनी सडक ,शैलुङ-८ | रु. | ३,००,००० | वडा स्तरीय आयोजना |
| | **जम्मा** | | ३,९२,००,००० | |

## सशर्त अनुदान (८,१७,३७,०००)

| PROJECT CODE | PROJECT NDSEC | ACTIVITY | MAIN ACTIVITY NDESC4 | SUM(AMOUNT) |
|---|---|---|---|---|
| 801554 | शैलुङ गाउँपालिका | 1.1.1.1 | कर्मचारीहरुको तलब भत्ता बापतको खर्च | 70,96,000 |
| 801554 | शैलुङ गाउँपालिका | 1.2.1.1 | घ वर्ग | 4,00,000 |
| 801554 | शैलुङ गाउँपालिका | 1.2.2.1 | महंगी भत्ता | 1,92,000 |
| 801554 | शैलुङ गाउँपालिका | 1.2.3.1 | अन्य स्वास्थ्य कर्मीको फिल्ड भत्ता | 1,10,000 |
| 801554 | शैलुङ गाउँपालिका | 1.2.4.1 | अन्य भत्ता | 60,000 |
| 801554 | शैलुङ गाउँपालिका | 1.3.1.1 | कर्मचारीहरुको पोक भत्ता | 1,50,000 |
| 801554 | शैलुङ गाउँपालिका | 1.1.4.1 | म स्वा. स्व. से हरुलाई पोषक भत्ता | 11,33,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.1.2.1 | पानी तथा विजुलीको महसुल | 12,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.13.1.1 | पाले, स्वीपर, गार्ड, वगैंचा, का.स. आदिको सेवा करारमा लिने | 4,80,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.13.1.2 | अस्पाताल तथा SBA Traiing Site मा एवं स्वा के मा २४ घण्टाप्रसुती सेवा संचालन गर्न करारमा अ.न.मी नियुक्ती | 2,66,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.13.1.1 | स्थानीय तहमा रहने कृषि प्राविधिकको तलव तथा पोशाक | 9,60,000 |

| | | | | |
|---|---|---|---|---|
| 801554 | शैलुङ गाउँपालिका | 2.13.1.96 | आकास्मिक पोषन कार्यक्रम संचलान भएका भुकम्प अति प्रभावित ८ जिल्लामा कार्यक्रमको पूनर्ताजनी तथा जिल्ला स्तरीय समिक्षा-सुआहारा जिल्ला बाहेक (युनीसेफ मार्फत) | 27,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.2.1 | पूर्ण खोप वडा तथा जिल्ला सुनश्चितता र दिगोपनाको लागि स्वास्थ्य संस्था प्रमुखहरुको १दिने गोष्ठी (**७५ जिल्ला**) | 50,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.2.2 | प्रथामिक, तथा निम्न माध्यमिक तहका शिक्षक तलब तथा प्रशासनिक खर्च | 4,85,23,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.2.207 | विद्यालय क्षेत्र विकास कार्यक्रम | 98,40,000 |
| 801555 | शैलुङ गाउँपालिका | 2.15.2.208 | माध्यमिक तहका शिक्षक तलव तथा प्रशासनिक खर्च | 86,10,000 |
| 801556 | शैलुङ गाउँपालिका | 2.15.2.2.9 | पूर्ण खोपको दिगोपनाको लागि साझेदार र स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुसंग अन्तरक्रिया, स्थानीय योजना निर्माण र वडा खोप समन्वय समिति गठन (७५ जिल्ला, सबै स्वास्थ संस्था) | 49,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.2.4 | पहँच नपुगेका र ड्रप आउट (छुट) वच्चाको खोजी तथा पूर्ण खोप दिलाउन महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई अभिमूखिकरण र योजना निर्मण (७५ जिल्ला सबै स्वास्थ्य संस्था) | 1,00,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.1 | औषधी,भ्याक्सिन, साधन, सामग्री रिप्याकिङ तथा ढुवानी र पून: वितरण समेत ७५ वटै जिल्लामा | 35,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.11 | परिवार स्वास्थ्य कार्यक्रमको लागि फोटो ग्राफ सिहत फर्म परमेट तथा VIA जाँच | 2,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.14 | अव्ष्टेटिक फिस्टुला र पाठेघर खस्ने रोगीको स्किननिंग, रिंगपेशरी तथा ख्क्ब जाँच | 40,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.15 | आइ. यु. सि.डी. सेवा प्रदान | 4,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.16 | इम्प्लान्ट सेवा | 13,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.18 | परिवार नियोजन तथा सुरक्षित मातृत्व सेवा दिवस मनाउने | 5,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.2 | भूकम्प अति प्रभावित १४ जिल्लामा एकिकृत पोषण कार्यक्रम निरन्तर संचालन, (नियमित कार्यक्रम, अनुगमन र पोषणजन्य सामाग्री ढुवानी | 1,13,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.20 | वन्ध्याकरण घुम्ती शिविर अगावै म.स्वा.से.संग छलफल | 35,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.22 | महिला स्वास्थ्य स्वंय सेविका दिवस मनाउने ( वडा.) | 26,000 |

| | | | | |
|---|---|---|---|---|
| 801554 | शैलुङ गाउँपालिका | 2.015.26.23 | ७५ जिल्लामा म स्वा. स्व. से अर्धवार्षिक समीक्षा बैठक (जना) | 4,10,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.24 | म स्वा स्व से हरुलाई दीर्घकालीन सेवाका लागि सम्मानजनक बिदाइ (जना) | 60,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.25 | भुकम्प प्रभावित १४जिल्लाहरुमा महिला स्वास्थ्य स्वयं सेविकालाई फ्लेक्स व्यानर | 30000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.26 | किशोर किशोरी कार्यक्रम अन्तरगत महिनाावारी स्वास्थ्य व्यवस्थापन :ज ४० जिल्ला | 8,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.29 | स्थानीय तह सञ्चालन खर्च (फर्म फरमेट फोटोकपी तथा आवश्यक समाग्री खरिद | 10,000 |
| 801555 | शैलुङ गाउँपालिका | 2.15.26.30 | उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औषधी,ल्याब सामाग्री ढुवानी | 18,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.31 | उपाचार केन्द्रहरुमा गई अनुगमन तथा मुल्यांकन गरी कार्यक्रमको गुणस्तरीयता सुनिस्चित गर्न | 18,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.35 | गाउँघर क्लिनिक संचालन यातायात खर्च | 61,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.39 | २४ घण्टा हुने स्वास्थ्य संस्थामा क्षयरोगमैत्री उपचार केन्द्र स्थापना | 6,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.4 | पूर्ण खोप जिल्ला, न.पा. र वडा घोषणा कार्यक्रम , दिगोपनाको लागि सर्वेक्षण, भेरिफिकेसन, खोपको डाटा भेरिफिकेशन, प्रमाणिकरण र अनुगमन (७५ जिल्ला ५ वटा क्षे स्वा.नि. र ६ वटा मेडिकल स्टोर | 75,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.5 | नियमित खोपको कभरेज बढाउन र ड्रप आउट घटाउन बैशाख महिनालाई खोप महिनाको रुपमा सञ्चालन, डाटा भेरिफिकेशन तथा अनुगमन) ७५ जिल्ला र ५ क्षे स्वा.नि. | 36,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.56 | पोषन सम्बद्ध सुचकहरुको रुटीन डाटा क्वालिटी सेल्फ एसिसमेन्ट र अनुगमन- सुआहार २ कार्यक्रम संचालित ४० जिल्ला | 12,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.60 | पी.वी.सी विरामीका परिवारको क्षयरोग परीक्षण गर्न यातायात खर्च | 6,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.64 | ँए क्वतष्कतषभम ऋष्भिलत क्ष्लतभचबअतष्यल एचयनचबक बलम ँर्यियध गउ | 10,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.7 | भिटामिन ए क्याप्सुअ आम वितरण कार्यक्रममक लागि म. स्वा.स्वा. से. परिचालन खर्च (२ चरण कार्तिक र बैशाख) | 2,44,000 |

| | | | | |
|---|---|---|---|---|
| 801554 | शैलुङ गाउँपालिका | 2.15.26.70 | पूर्ण पोषणयुक्त गाउँ/वडा अभियान(सुनौला १००० दिनका महिला तथा बालबालिका लक्षित सुआहारा २ कार्यक्रम संचालित ४० जिल्ला | 16,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.3.1 | स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा सामाग्रीहरु वितरण | 2,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.3.2 | छापा संचार माध्याम बाट स्वास्थ्य सन्देश प्रसारण | 11,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.3.3 | स्थानीय स्तरम स्वास्थ्य शिक्षा सामाग्रीहरु ( सुरक्षित मातृत्व, नसर्ने रोग, सर्ने रोग, जलवायु प्रदुषण आदि) विषयमा स्वास्थ्या शिक्षा सामाग्रीहको उत्पादन तथा वितरण | 2,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.3.4 | विद्यालयमा स्वास्थ्य प्रबर्धन तथा शिक्षा कार्यक्रम | 11,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.3.5 | समुदायमा स्वास्थ्य सेवा प्रबर्धन अन्तरक्रिया कार्यक्रम (प्रजनन तथा बाल स्वास्थ्य, सरुवा तथा नसर्ने रोग रोकथाम, निशुल्क स्वास्थ्य लगायत सेवा) | 11,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.3.6 | सामुदायिक स्वस्थ्य प्रबर्धन अभियान | 6,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.3.7 | स्वास्थ्य चौकी स्तरमा स्वास्थ्य संस्थाजन्य फोहोर मैल व्यवस्थापन एवं गुणस्तर सुधार कार्यक्रम | 80,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.40.1 | विश्व स्वास्थ्य दिवस लगायत स्वास्थ्य दिवसहरु मनाउने | 4,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.1517 | एक गाउँ एक प्राविधिक | 5,91,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.5.1 | औलो रोग ग्रसित क्षेत्रहरुमा शंकास्पाद औलो रोगी पत्ता लगाई नमुना संकालन गरी उपचार तथा केशको निगरानी गर्ने । | 10,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.18.1.1 | निःशुल्क स्वस्थ्य सेवाको लागि औषधी खरिद | 3,20,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.19.1.1 | साधारण अनुगमन | 2,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.15.19.2.1 | सरुवा भ्रमण खर्च र दैनिक भत्ता | 10,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.2.1.1 | संचार महसुल | 2,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2..3.1.1 | घर भाडा | 10,000 |

| | | | | |
|---|---|---|---|---|
| 801554 | शैलुङ गाउँपालिका | 2.7.1.1 | कार्यलय मसलन्द सामान खर्च | 50,000 |
| 801554 | शैलुङ गाउँपालिका | 2.7.1.2 | कार्यलय संचालन खर्च | 4,000 |
| 801554 | शैलुङ गाउँपालिका | 5.1.5.3 | जिल्ला अस्पताल प्रास्वके स्वा.चौ इउम तष्अपभत छपाई र दर्ता शुल्क वापत अनुदान | 10,5,000 |
| 801554 | शैलुङ गाउँपालिका | 5.1.8.198 | प्रत्येक स्थानीय तहमा १ ओटा सामुदायिक सिकाइ केन्द्रलाई क्ष्ञ्ंत पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्ने | 200,000 |
| 801554 | शैलुङ गाउँपालिका | 6.1.5.1 | आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोध भर्ना तथा यातायात खर्च | 300,000 |
| A801554 | शैलुङ गाउँपालिका | 6.1.5.2 | गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा 4th ANC | 68,000 |
| 801554 | शैलुङ गाउँपालिका | 6.1.5.3 | जिल्ला तथा वर्थिङ सेन्टरहरुबाट आकस्मिक रुपमा रिफर | 5,000 |
| 801554 | शैलुङ गाउँपालिका | 6.1.5.4 | जिल्ला अस्पताल र सो भन्दा तलका सरकारी स्वास्थ्य सस्थाहरुमा प्रसूति हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला (लुगा सेट) | 1,49,000 |
| 801554 | शैलुङ गाउँपालिका | 8.2.4.1 | बाह्य खोप केन्द्रको भवन निर्माण-७५० वटा(७५ जिल्ला | 3,00,000 |
| 801554 | शैलुङ गाउँपालिका | 8.5.1.2 | उपचार केन्द्रका लागि वाटरफिल्टर र मग खरीद | 18,000 |
| 801554 | शैलुङ गाउँपालिका | 8.5.1.3 | औषधी परीक्षणका लागि बगतयबतष्अ मष्ककयगिअतष्यल बउउबचबतगक लगायतक कर्यालय, प्रयोगशाला उपकरण | 10,2,000 |
| 801554 | शैलुङ गाउँपालिका | 8.5.3.3 | सिल्कन रिङ प्रेशरी खरिद | 5,000 |
| 801554 | शैलुङ गाउँपालिका | 8.5.3.4 | प्राथामिक गाउँघर क्लिनिक संचालनका लागि उपकरण खरिद | 8,000 |
| | **शैलुङ गाउँपालिका Total** | | | **8,17,37,000** |

अतः सभाध्यक्ष महोदय, अब म शैलुङ गाउँपलिकाको प्रथम गाउँ सभामा प्रस्तुत योजना तथा कार्यक्रमको समष्टिगत विवरण प्रस्तुत गर्न गईरहेको छु ।

## शैलुङ गाउँपालिका
## आ व २०७४।०७५ को बजेटको समष्टितग रुपः

| आय | | व्ययको अनुमान | | | |
|---|---|---|---|---|---|
| | | चालु | | पुँजीगत | |
| सशर्त अनुदान | ८,१७,३७,००० | पारिश्रमिक तथा सुविधा | २,०९,१५,००० | वडा स्तरीय | ३,९२,००,००० |
| वित्तिय समानिकरण | १५,०९,४९,००० | कार्यालय सञ्चालन | १,१०,००,००० | गाउँपालिका स्तरीय | ५,९७,५०,००० |
| स्रोत सुनिश्चितता | ४८,००,००० | मर्मत सम्भार | ३०,००,००० | नमुना कार्यक्रम | ८०,००,००० |
| राजश्व र कर | ५०,००,००० | कार्यक्रम खर्च | ३०,००,००० | वडा मार्फत हुने आयोजना तथा कार्यक्रम | ४०,००,००० |
| | | परामर्श तथा अन्य सेवा शुल्क | २०,००,००० | विषेश कार्यक्रम | १०,००,००० |
| | | अनुगमन, मुल्याङकन र भ्रमण खर्च | ४०,००,००० | फर्निचर तथा मेसिनरी | ४८,००,००० |
| | | विविध खर्च | १,१०,००,००० | | |
| | | जम्मा | ५,४९,१५,००० | जम्मा | ११,६७,५०,००० |
| | | सशर्त अनुदान ८,१७,३७,००० | | | |
| कुल आय | २४,२४,८६,००० | कुल व्यय (५,४९,१५,०००+११,६७,५०,०००+८,१७,३७,०००) | | | २५,३४,०२,००० |
| घाटा बजेट -१,०९,१६,००० | | | | | |

**अन्त्यमा,**

यस बजेट तयार गर्न प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने सबैमा हार्दिक आभार प्रकट गर्दछु। बजेट निर्माणमा झैं कार्यान्वयनमा समेत सबैको अटुट सहयोगको अपेक्षा गर्दछु।

वास्तममा चाहना धेरै छन्, आवश्यक्ता पनि धेरै छन्, त्यो भन्दा धेरै चुनौतीहरु छन यद्यपी यस कठिन घडीमा हाम्रो दृढ अठोट ताथ हौसलाले चुनौतीको यस विशाल पहाडलाई फोरेर उद्देश्य हासील गर्न हामी सबै प्रतिबद्ध छौं ।समृद्ध शैलुङ निर्माणको सपना धेरै टाढा छैन ।

धन्यबाद